स्यानिटेरियन
डाईटिसियन
स्वास्थ्य निरीक्षक
फिजियोथेरापी अधिकृत
डेण्टल सर्जन
अधिकृत कविराज
होमियोप्याथी अधिकृत
समय समयमा श्री ५ को सरकारले तोकेका अन्य पदनामहरू ।

आज्ञाले,
चन्द्रकला किरण
श्री ५ को सरकारको का. मु. सचिव

श्री ५ को सरकार

## वन तथा भू-संरक्षण मन्त्रालयको सूचना

### नेपाल वन सेवा (समूह तथा श्रेणी विभाजन, नियुक्ति र बढुवा) (पहिलो संशोधन) नियमहरू, २०४२

नेपाल वन सेवा (समूह तथा श्रेणी विभाजन, नियुक्ति र बढुवा) नियमहरू, २०३३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपाल निजामती सेवा ऐन, २०१३ को दफा ७ र ८ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "नेपाल वन सेवा (समूह तथा श्रेणी विभाजन, नियुक्ति र बढुवा) (पहिलो संशोधन) नियमहरू, २०४२" रहेको छ ।

(२) यी नियमहरू २०४२ साल वैशाख १ गतेदेखि प्रारम्भ हुनेछन् ।

२. नेपाल वन सेवा (समूह तथा श्रेणी विभाजन, नियुक्ति र बढुवा) नियमहरू, २०३३ को नियम २ मा संशोधनः नेपाल वन सेवा (समूह तथा श्रेणी विभाजन, नियुक्ति र बढुवा) नियमहरू, २०३३ (यसपछि "मूल नियमावली" भनिएको) को नियम २ को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः–

"(ख) "श्रेणी वा श्रेणीको तह" भन्नाले यी नियमबमोजिम गरिएको सेवाको श्रेणी वा श्रेणीको तह सम्झनुपर्छ ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. मूल नियमावलीको नियम ३ मा संशोधनः मूल नियमावलीको नियम ३ को,–

(१) शीर्षकको सट्टा देहायको शीर्षक राखिएको छः–

"सेवाको श्रेणी वा श्रेणीको तह, समूह र पद"

(२) उप-नियम (१) पछि देहायको उप-नियम (१क) थपिएको छः–

"(१क) सेवाको प्रथम श्रेणी र द्वितीय श्रेणीमा देहायका तह रहनेछन्ः–

(क) प्रथम श्रेणीः–

(१) अतिरिक्त सचिव वा सो सरह

(२) सह-सचिव वा सो सरह

(ख) द्वितीय श्रेणीः–

(१) उप-सचिव वा सो सरह

(२) सहायक सचिव वा सो सरह ।"

(३) उप-नियम (४) लाई हटाई देहायको उप-नियम (४) र (४क) राखिएको छः–

"(४) सेवाको विभिन्न श्रेणी र श्रेणीको तहमा रहने पदको नामहरू अनुसूची १ क मा तोकिएबमोजिम हुनेछ ।

(४क) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी अनुसूची १ क मा आवश्यक थपघट गर्न सक्नेछ ।"

४. मूल नियमावलीको नियम ४ मा संशोधनः मूल नियमावलीको नियम ४ को,–

(१) उप-नियम (१) को सट्टा देहायको उप-नियम (१) राखिएको छः–

"(१) सेवा अन्तर्गतको समूह वा उप-समूहमा रिक्त भएको पदको पूर्ति देहायबमोजिम हुनेछः–

(क) विशिष्ट श्रेणीको पद रिक्त भएमा प्रथम श्रेणीका अतिरिक्त सचिव वा सो सरहका कर्मचारीहरूमध्येबाट बढुवाद्वारा,

(ख) प्रथम श्रेणीको अतिरिक्त सचिव वा सो सरहको पद रिक्त भएमा सह-सचिव वा सो सरहका कर्मचारीहरूमध्येबाट बढुवाद्वारा,

(ग) प्रथम श्रेणीको सह-सचिव वा सो सरहको पद रिक्त भएमा उप-सचिव वा सो सरहका कर्मचारीहरूमध्येबाट बढुवाद्वारा,

(घ) द्वितीय श्रेणीको उप-सचिव वा सो सरहको पद रिक्त भएमा सहायक सचिव वा सो सरहका कर्मचारीहरूमध्येबाट बढुवाद्वारा,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) द्वितीय श्रेणीको सहायक सचिव वा सो सरहको पद रिक्त भएमा तृतीय श्रेणीका कर्मचारीहरूमध्येबाट बढुवाद्वारा,

(च) तृतीय श्रेणीको पद रिक्त भएमा नयाँ नियुक्तिद्वारा वा राजपत्र अनङ्कित प्रथम श्रेणीको पदमा स्थायी रूपले घटीमा पाँच वर्षसम्म अटुट सेवा गरेको कर्मचारीहरूमध्येबाट बढुवाद्वारा।"

(२) उप-नियम (२) मा रहेको "खण्ड (क), (ख) र (ग) बमोजिम बढुवाद्वारा विशिष्ट श्रेणी प्रथम श्रेणी वा द्वितीय श्रेणीको" भन्ने शब्दहरूको सट्टा "खण्ड (ग), (घ) र (ङ) बमोजिम" भन्ने शब्दहरू राखिएको छ।

(३) उप-नियम (२) पछि देहायको उप-नियम (२क) थपिएको छः–

"(२क) उप-नियम (१) खण्ड (क) र (ख) बमोजिम पद पूर्ति गर्दा सेवा अन्तर्गतको जुनसुकै समूह, उप-समूहका कर्मचारीहरूमध्येबाट बढुवाद्वारा गर्न सकिनेछ।"

(४) उप-नियम (३) मा रहेको "खण्ड (घ)" भन्ने शब्दको सट्टा "खण्ड (च)" भन्ने शब्द राखिएको छ।

५. मूल नियमावलीको नियम ५ मा संशोधनः मूल नियमावलीको नियम ५ को उप-नियम (६) पछि देहायको उप-नियम (७) थपिएको छः–

"(७) बढुवाको प्रयोजनको लागि सेवा प्रवेशको निमित्त तोकिएको शैक्षिक योग्यताभन्दा माथिको सम्बन्धित उपाधि श्री ५ को सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएबमोजिम हुनेछ।"

अनुसूची १ (क)
(नियम ३ (४) सँग सम्बन्धित)

१. सचिव सरह (राजपत्राङ्कित विशिष्ट श्रेणी)

समय समयमा श्री ५ को सरकारले तोकेको पदनामहरू

२. (क) अतिरिक्त सचिव सरहका पदहरू (राजपत्राङ्कित प्रथम श्रेणी)

कन्सल्टिङ्ग वैज्ञानिक अधिकृत
समय समयमा श्री ५ को सरकारले तोकेको अन्य पदनामहरू

(ख) सह-सचिव सरहका पदहरू (राजपत्राङ्कित प्रथम श्रेणी)

चीफ कन्जरभेटर
महानिर्देशक



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

उप-महानिर्देशक
प्रमुख औषधि व्यवस्थापक
उच्च वैज्ञानिक अधिकृत
डेपुटी चीफ कन्जरभेटर
प्रमुख चित्रण अधिकृत
प्रमुख माटो सर्भेक्षण अधिकृत
प्रमुख अनुसन्धान अधिकृत
वरिष्ठ माटो संरक्षण अधिकृत
समय समयमा श्री ५ को सरकारले तोकेको अन्य पदनामहरू

३. (क) उप-सचिव सरहका पदहरू (राजपत्राङ्कित द्वितीय श्रेणी)

प्रमुख वार्डेन अधिकृत
वरिष्ठ वन्यजन्तु संरक्षण अधिकृत
वैज्ञानिक अधिकृत
वन योजना अधिकृत
जनसम्पर्क अधिकृत
युटिलाइजेशन अधिकृत
वृक्षारोपण अधिकृत
वरिष्ठ छाँया चित्रण मापण अधिकृत
वरिष्ठ वन कार्य योजना अधिकृत
वरिष्ठ अनुसन्धान अधिकृत
वरिष्ठ भू-उपयोगिता अधिकृत
वरिष्ठ सर्भेक्षण अधिकृत
विधिविज्ञ
खाद्य अनुसन्धान अधिकृत
वरिष्ठ माटो संरक्षण अधिकृत
समय समयमा श्री ५ को सरकारले तोकेको अन्य पदनामहरू

(ख) सहायक-सचिव सरहका पदहरू (राजपत्राङ्कित द्वितीय श्रेणी)

उप-निर्देशक
वरिष्ठ वार्डेन अधिकृत



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वन्यजन्तु संरक्षण अधिकृत
उप-वैज्ञानिक अधिकृत
वन प्रशासन अधिकृत
सर्भेक्षण अधिकृत
माटो संरक्षण अधिकृत
उप-खाद्य अनुसन्धान अधिकृत
उप-विधिविज्ञ
छायाँ चित्रण मापण अधिकृत
वन कार्य योजना अधिकृत
अनुसन्धान अधिकृत
भू-उपयोगिता अधिकृत
मान चित्रण अधिकृत
समय समयमा श्री ५ को सरकारले तोकेको अन्य पदनामहरू

४. शाखा अधिकृत सरह (राजपत्राङ्कित तृतीय श्रेणी)

वार्डेन अधिकृत
सहायक जलाधार संरक्षण अधिकृत
सहायक वृक्षारोपण अधिकृत
सहायक मान चित्रण अधिकृत
सहायक माटो अनुसन्धान अधिकृत
सहायक वन कार्य योजना अधिकृत
सहायक माटो सर्भेक्षण अधिकृत
सहायक छायाँ चित्रण अधिकृत
सहायक हवाई चित्रण अधिकृत
सहायक वन अधिकृत
सहायक वैज्ञानिक अधिकृत
सहायक विधिविज्ञ
निरीक्षक
समय समयमा श्री ५ को सरकारले तोकेको अन्य पदनामहरू।

आज्ञाले,
जितेन्द्रलाल मास्के
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## शिक्षा तथा संस्कृति मन्त्रालयको सूचना

### नेपाल शिक्षा सेवा (समूह तथा श्रेणी विभाजन, नियुक्ति र बढुवा) (पहिलो संशोधन) नियमहरू, २०४२

नेपाल शिक्षा सेवा (समूह तथा श्रेणी विभाजन, नियुक्ति र बढुवा) नियमहरू, २०३३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपाल निजामती सेवा ऐन, २०१३ को दफा ७ र ८ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "नेपाल शिक्षा सेवा (समूह तथा श्रेणी विभाजन, नियुक्ति र बढुवा) (पहिलो संशोधन) नियमहरू, २०४२" रहेको छ ।

(२) यी नियमहरू, २०४२ साल वैशाख १ गतेदेखि प्रारम्भ हुनेछन् ।

२. नेपाल शिक्षा सेवा (समूह तथा श्रेणी विभाजन, नियुक्ति र बढुवा) नियमहरू, २०३३ को नियम २ मा संशोधनः नेपाल शिक्षा सेवा (समूह तथा श्रेणी विभाजन, नियुक्ति र बढुवा) नियमहरू, २०३३ (यसपछि "मूल नियमावली" भनिएको) को नियम २ को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः–

"(ख) "श्रेणी वा श्रेणीको तह" भन्नाले यी नियमबमोजिम गरिएको सेवाको श्रेणी वा श्रेणीको तह सम्झनुपर्छ ।"

३. मूल नियमावलीको नियम ३ मा संशोधनः मूल नियमावलीको नियम ३ को,–

(१) शीर्षकको सट्टा देहायको शीर्षक राखिएको छः–

"सेवाको श्रेणी वा श्रेणीको तह, समूह र पद"

(२) उप-नियम (१) पछि देहायको उप-नियम (१क) थपिएको छः–

"(१क) सेवाको प्रथम श्रेणी र द्वितीय श्रेणीमा देहायका तह रहनेछन्ः–

(क) प्रथम श्रेणीः–

(१) अतिरिक्त सचिव वा सो सरह

(२) सह-सचिव वा सो सरह



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४६

(ख) द्वितीय श्रेणीः–

(१) उप-सचिव वा सो सरह

(२) सहायक सचिव वा सो सरह" ।

(३) उप-नियम (४) लाई हटाई देहायको उप-नियम (४) र (४क) राखिएको छः–

"(४) सेवाको विभिन्न श्रेणी र श्रेणीको तहमा रहने पदको नामहरू अनुसूची १ क मा तोकिएबमोजिम हुनेछ ।

(४क) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी अनुसूची १ क मा आवश्यक थपघट गर्न सक्नेछ ।"

४. मूल नियमावलीको नियम ४ मा संशोधनः मूल नियमावलीको नियम ४ को,–

(१) उप-नियम (१) को सट्टा देहायको उप-नियम (१) राखिएको छः–

"(१) सेवा अन्तर्गतको समूह वा उप-समूहमा रिक्त भएको पदको पूर्ति देहायबमोजिम हुनेछः–

(क) विशिष्ट श्रेणीको पद रिक्त भएमा प्रथम श्रेणीका अतिरिक्त सचिव वा सो सरहका कर्मचारीहरूमध्येबाट बढुवाद्वारा,

(ख) प्रथम श्रेणीको अतिरिक्त सचिव वा सो सरहको पद रिक्त भएमा सह-सचिव वा सो सरहका कर्मचारीहरूमध्येबाट बढुवाद्वारा,

(ग) प्रथम श्रेणीको सह-सचिव वा सो सरहको पद रिक्त भएमा उप-सचिव वा सो सरहका कर्मचारीहरूमध्येबाट बढुवाद्वारा,

(घ) द्वितीय श्रेणीको उप-सचिव वा सो सरहको पद रिक्त भएमा सहायक सचिव वा सो सरहका कर्मचारीहरूमध्येबाट बढुवाद्वारा,

(ङ) द्वितीय श्रेणीको सहायक सचिव वा सो सरहको पद रिक्त भएमा तृतीय श्रेणीका कर्मचारीहरूमध्येबाट बढुवाद्वारा,

(च) तृतीय श्रेणीको पद रिक्त भएमा नयाँ नियुक्तिद्वारा वा राजपत्र अनङ्कित प्रथम श्रेणीको पदमा स्थायी रूपले घटीमा पाँच वर्षसम्म अटुट सेवा गरेको कर्मचारीहरूमध्येबाट बढुवाद्वारा ।"



मुद्रण विभाग
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४८

(२) उप-नियम (२) मा रहेको "खण्ड (क), (ख) र (ग) बमोजिम बढुवाद्वारा विशिष्ट श्रेणी, प्रथम श्रेणी वा द्वितीय श्रेणीको" भन्ने शब्दहरूको सट्टा "खण्ड (ग), (घ) र (ङ) बमोजिम" भन्ने शब्दहरू राखिएको छ।

(३) उप-नियम (२) पछि देहायको उप-नियम (२क) थपिएको छः–

"(२क) उप-नियम (१) को खण्ड (क) र (ख) बमोजिम पद पूर्ति गर्दा सेवा अन्तर्गतको जुनसुकै समूह उप-समूहका कर्मचारीहरू-मध्येबाट बढुवाद्वारा गर्न सकिनेछ।"

(४) उप-नियम (३) मा रहेको "खण्ड (क), (ख), (ग) र (घ) बमोजिम बढुवाद्वारा विशिष्ट श्रेणी" भन्ने शब्दहरूको सट्टा "खण्ड (ग), (घ) र (ङ) बमोजिम बढुवाद्वारा" भन्ने शब्दहरू राखिएका छन्।

(५) उप-नियम (४) मा रहेको "खण्ड (घ)" भन्ने शब्दहरूको सट्टा "खण्ड (च)" भन्ने शब्दहरू राखिएको छ।

५. मूल नियमावलीको नियम ५ मा संशोधनः मूल नियमावलीको नियम ५ को उप-नियम (६) पछि देहायको उप-नियम (७) थपिएको छः–

"(७) बढुवाको प्रयोजनको लागि सेवा प्रवेशको निमित्त तोकिएको शैक्षिक योग्यता-भन्दा माथिको सम्बन्धित उपाधि श्री ५ को सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएबमोजिम हुनेछ"।

अनुसूची १ क

नियम ३ (४) सँग सम्बन्धित)

१. सचिव सरह (राजपत्राङ्कित विशिष्ट श्रेणी)

समय समयमा श्री ५ को सरकारले तोकेका पदनामहरू

२. (क) अतिरिक्त सचिव वा सो सरहका पदहरू (राजपत्राङ्कित प्रथम श्रेणी)

अतिरिक्त सचिव

प्रमुख विज्ञ

समय समयमा श्री ५ को सरकारले तोकेका अन्य पदनामहरू

(ख) सह-सचिव वा सो सरहका पदहरू (राजपत्राङ्कित प्रथम श्रेणी)

सह-सचिव

महानिर्देशक

उप-महानिर्देशक

क्षेत्रीय निर्देशक



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

परीक्षा नियन्त्रक
वरिष्ठ विज्ञ
प्राध्यापक
प्रमुख मनोविज्ञान वेत्ता
समय समयमा श्री ५ को सरकारले तोकेको अन्य पदनामहरू

३. (क) उप-सचिव वा सो सरहका पदहरू ( राजपत्राङ्कित द्वितीय श्रेणी)

उप-सचिव
उप-निर्देशक
उप-नियन्त्रक
पाठ्यक्रम पाठ्य पुस्तकविज्ञ
प्राध्यापक
जिल्ला शिक्षा अधिकारी
गृह विज्ञान विशेषज्ञ
प्रधानाध्यापक
प्रधान अन्वेषण अधिकृत
प्रमुख कला अधिकृत
प्रमुख संग्रहालय अधिकृत
प्रमुख पुरातत्व अधिकृत
प्रमुख अभिलेख विशेषज्ञ
वरिष्ठ मनोविज्ञान वेत्ता
समय समयमा श्री ५ को सरकारले तोकेका अन्य पदनामहरू

(ख) सहायक सचिव र सो सरहका पदहरू (राजपत्राङ्कित द्वितीय श्रेणी)

सहायक सचिव
सहायक अनुसन्धान अधिकृत
सहायक निर्देशक
सहायक नियन्त्रक
सहायक विज्ञ
प्राध्यापक
वरिष्ठ डाईटिसियन
वरिष्ठ लाइब्रेरियन



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रधानाध्यापक
वरिष्ठ छविकार (फोटोग्राफर)
वरिष्ठ कला अधिकृत
वरिष्ठ पुरातत्व अधिकृत
वरिष्ठ अभिलेख विशेषज्ञ
मनोविज्ञान वेत्ता
वरिष्ठ मुद्रण अधिकृत
समय समयमा श्री ५ को सरकारले तोकेको अन्य पदनामहरू

४. शाखा अधिकृत सरह (रा. प. तृतीय श्रेणी)

शाखा अधिकृत
माध्यमिक विद्यालय निरीक्षक
प्राविधिक अधिकृत
प्रशिक्षक
प्लेट मेकर- मुद्रण अधिकृत
सहायक गृह विज्ञान अधिकृत
डाईटिसियन
न्यूट्रिशन अधिकृत
अध्यापक
प्राध्यापक
कला अधिकृत
फोटोग्राफर, सहायक मनोविज्ञान वेत्ता
समय समयमा श्री ५ को सरकारले तोकेका अन्य पदनामहरू

आज्ञाले,
डा. नरसिंहनारायण सिंह
श्री ५ को सरकारको सचिव



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।